१७ औं प्रतिदिन वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : २०२ ॥ २०८२ भाद्र १८ गते बुधबार (3rd Sep 2025 Wednesday) **Pratidin** National Daily मूल्य-रु.५/-

# बीउ तस्करीमा तस्कर हरुको ध्यान

झापा(प्रस) । यतिबेला तस्करहरुको ध्यान बीउ तस्करीमा गएको छ । नेपालबाट फर्सी , काक्रा लगायतको बीउ भारततर्फ तस्करी गर्ने क्रम बढेको हो । जसमा ठूलो गिरोह संलग्नता देखिएको छ । तस्करहरुले जिल्लाको दक्षिणी नाकाबाट ती बीउ लैजाने गरेको पाइएको छ । आइतवार दिउँसो नेपालबाट लगिएको ७५ बोरा फर्सीको बीउ बोकेको दुईवटा पिकअप र दुई वटा ट्र्याक्टरसहित ६ जनालाई भारतीय सुरक्षाकर्मी एसएसबीले नियन्त्रणमा लिएको छ । भारतीय सुरक्षाकर्मीले नेपालबाट भारततर्फ जाँदै गरेको फर्सीको बीउ लोड भएको चार वटा गाडीसहित ६ जना तस्करलाई पक्राउ गरेसँगै गौरीगञ्ज नाकाबाट समेत बीउ तस्करी हुने गरेको खुलासा भएको हो । यसअघि गत जेठ ६ गते कुमरखोद नाकाबाट लैजान खोज्दा ५० बोरा काक्राको बीउसहित एउटा ट्र्याक्टरलाई प्रहरीले नियन्त्रणमा लिएको थियो । भारतीय एसएसबी १२ बटालियन माफिटोला क्याम्प र फत्तेपुर पुलिस थानाको संयुक्त टोलीले स्थानीयको सहयोगमा विशेष सूचनाको आधारमा ७५ बोरा फर्सीको बीउ, दुईवटा पिकअप, दुई वटा ट्र्याक्टरसहित ६ जनालाई पक्राउ गरेको हो। एसएसबीका इन्चार्ज इन्स्पेक्टर राजेश कुमारका अनुसार नेपालबाट भारततर्फ बीउलगायतका



सामानको तस्करी भइरहेको सूचना प्राप्त भएको थियो।

त्यही सूचनाको आधारमा लालापानी-खनियावाद सीमा नाकामा तस्करहरूलाई गाडीसहित घेराउ गरी ठुलो मात्रामा बीउ बरामद गरेको इन्स्पेक्टर कुमारले भारतीय सञ्चारमाध्यमलाई बताएका छन्। पक्राउ पर्ने ६ जना नै भारतीय हुन् । उनीहरुले प्रयोग गरेको गाडी पनि भारतीय नम्बरका छन् । बरामद गरिएको बीउ, चारवटा गाडीसहित ६ जनालाई आवश्यक कारबाहीका लागि किसनगञ्ज भन्सारमा बुझाइएको जनाइएको छ।

केही दिनअघि पनि फत्तेहपुर पुलिस थाना टेढागाछले फर्सीको बीउ र चाइनिज स्याउसहित दुईवटा पिकअपलाई नियन्त्रणमा लिएको थियो। सीमा नाकाबाट तस्करी बढेसँगै त्यहाँका स्थानीयले राति सुत्न नपाउँदा समस्या भइरहेको भन्दै एसएसबीलाई गुनासो गरेका थिए।

भारतीय सुरक्षा निकायले बरामद गरेको ठाउँ लालापानी-खनियावाद सीमा नाका पारीपट्टि गौरीगञ्ज गाउँपालिका पर्छ। गौरीगञ्जको पनि खादमगाछी र खगुरगाछी नाका पर्छ। भारतीय सुरक्षा निकायले बरामद गरेको बीउको तस्करी गौरीगञ्जका विनोद र सन्जीव नाम गरेका व्यक्तिले गर्दै आइरहेको स्रोतको दाबी छ। सो बीउको मुख्य मान्छे झापा गाउँपालिका जीवन भन्ने व्यक्ति हुन् । उनीहरूको समूहले त्यहाँका स्थानीय सशस्त्र र नेपाल प्रहरीसँग सेटिङ मिलाएर विगत लामो समयदेखि रातको समयमा ट्र्याक्टर र पिकअपमा ओसारपसार गर्दै आइरहेको स्रोतको दाबी छ।

यसअघि गत जेठ ६ गते दक्षिणी नाका कुमरखोदबाट भारततर्फ तस्करी हुन लागेको ५० बोरा काक्राको बीउसहितको ट्र्याक्टर प्रहरीले नियन्त्रणमा लिएको थियो । इलाका प्रहरी कार्यालय कुमरखोदबाट खटिएको प्रहरी टोलीले झापा गाउँपालिका वडा नं.१ मा नम्बर प्लेट नखुलेको ट्र्याक्टरलाई शंका लागेर चेकजाँच गर्दा नेपालबाट भारततर्फ अवैध रुपमा भन्सार छली लाँदैं गरेको अवस्थामा ५० बोरा काक्राको बीउ फेला परेको थियो । प्रतिबोरा ५० के.जीका दरले काक्राको बीउ लोड रहेको थियो । अन्दाजी २ लाख ५० हजार बराबरको काक्राको बीउ र ट्र्याक्टरको मूल्य अन्दाजी ५ लाख गरी जम्मा ७ लाख ५० हजारको अवैध सामान आवश्यक कार्वाहीको लागि मेची भन्सार कार्यालय काँकरभिट्टा बुझाइएको थियो ।

त्यति बेला नम्बर नखुलेपनि सो ट्र्याक्टर भारतीय नम्बरको भएको मेची भन्सार कार्यालयका रामचन्द्र ढुंगानाले बताए । काक्राको बीउ र ट्र्याक्टरको साढे ७ लाख प्रतिवेदन मूल्य राखेर ३५ दिने हकदावीको सूचना जारी गरिएको थियो । बीउमा अत्यधिक मात्रामा प्रोटिन पाइन्छ । खानको लागि ती बीउहरु भारत लगिने गरेको जनाइएको छ ।

### मन्त्री र सचिवबीच द्वन्द्व बढ्यो

# मन्त्रालयमा थप प्रहरी परिचालन

झापा(प्रस) ।कोशी प्रदेशका उद्योग, कृषि तथा सहकारी मन्त्रालयमा प्रहरीले निगरानी बढाएको छ । मन्त्री र सचिवको द्वन्द्व बढेपछि मन्त्रालय आसपासमा थप प्रहरी परिचालन गरिएको हो । थप दुर्घटना नहोस् भनेर प्रहरी पठाइएको जिल्ला प्रहरी कार्यालय मोरङका एक अधिकारीले जानकारी दिए ।

सोमबार मन्त्री खगेनसिंह हाङगामले मन्त्रालयका



सचिव शरणकुमार पाण्डे चढ्ने गाडीको चाबी खोस्न लगाएका थिए । पाण्डेको साउन २६ गते संघीय कृषि मन्त्रालयमा सरुवा भएको थियो । उनको दुई दिन अगाडि मात्रै फेरि कोशी प्रदेशमै सरुवा भएको पत्र आएपछि मन्त्री आक्रोशित बनेका थिए । आफूले भनेको काम नगरेको भन्दै सचिवसँग मन्त्री रुष्ट भएको मन्त्रालयका कर्मचारीहरू बताउँछन् । मन्त्री र सचिव दुवै जना सोमबार मुख्यमन्त्री कार्यालयमा पुगेका थिए ।

मन्त्री हाङगाम मन्त्रिपरिषद्को बैठकमा सहभागी हुन गएका थिए भने सचिव पाण्डे प्रमुख सचिवलाई भेट्न गएका थिए । सचिव प्रमुख सचिवलाई भेटेर निस्कँदा गाडी नदेखेपछि मन्त्रालयमा खबर गरेका थिए । मन्त्रीको सचिवालयले चाबी मागेर राखेको मन्त्रालयबाट सूचना पाएपछि सचिवले भने मोटरसाइकल मगाएर गएका थिए ।

दुवै जना मंगलवार मन्त्रालय भने गएनन् । सचिव बिदामा बसेका छन् भने मन्त्री गृह जिल्ला ताप्लेजुङ गएका छन् । मन्त्रीले चाबी खोसेपछि उनलाई एक हप्ताका लागि बिदामा बस्न मुख्यमन्त्री हिक्मत कार्कीले भनेको स्रोतले बतायो ।

मन्त्री हाङगाम र सचिव पाण्डेबीच लामो समयदेखि द्वन्द्व चलिरहेको छ । मन्त्रीले करारका ड्राइभर तथा कार्यालय सहयोगी हटाउन खोजेका थिए तर सचिवले अस्वीकार गरेपछि दुई उनीहरूबीच द्वन्द्व बढेको मन्त्रालयका कर्मचारी बताउँछन् ।

मन्त्री हाङगामका स्वकीय सचिव अशोककुमार आङबोहाङले भने गाडीको चाबी मन्त्रीले नखोसेको दाबी गरेका छन् । मन्त्री हाङगामले पटक पटक अनुरोध गर्दा पनि यस विषयमा बोल्न मानेनन् ।

मन्त्री हाङगाम भने विवादित हुँदै आएका छन् । उनले गत असारमा गृहजिल्ला ताप्लेजुङमा पाथीभरा क्षेत्र विकास समितिका अध्यक्ष रक्की थेबेमाथि मुक्का प्रहार गरेका थिए ।

२०८० भदौ २२ गते ताप्लेजुङको मिनी महोत्सवको विवादमा हाङगामले तत्कालीन जिल्ला प्रहरी कार्यालय ताप्लेजुङका प्रमुख (डीएसपी) राजन लिम्बूलाई ज्यान मार्ने धम्की नै दिएका थिए । उनले प्रहरीको हातहतियार खोसेको आरोपसमेत लागेको थियो । गत भदौ ७ गते साँझ मन्त्री हाङगामकै कार्यकर्ताहरु मिथुन पालुङवा लिम्बू, मन्दीप लिम्बू, हेम आङबुहाङ, बिशाल तामाङ लगायत १०-१२ जनाको समूहले आठराई त्रिवेणी -२ का वडाध्यक्ष तथा एमाले जिल्ला कमिटी सदस्य टेकेन्द्र सेन्दाङमाथि सांघातिक आक्रमण गरेका थिए । ती युवाहरु नेपाली कांग्रेसको भ्रातृ संगठन तरुण दल आवद्ध रहेको बुझिएको छ ।

# आधुनिक प्रविधिले मानव बेचबिखन बढायो

• **लक्ष्मी उप्रेती**

मेचीनगर । झापाको काँकरभिट्टामा आयोजित एक कार्यक्रममा सहभागी वक्ताहरुले मानव बेचबिखन न्यूनीकरणका लागि सरकारी विकासका साझेदार संस्थाहरूबिच समन्वयात्मक भूमिका हुनुपर्नेमा जोड दिएका छन् । सभ्य समाजका लागि चुनौती बन्दै गएको मानव बेचबिखनलगायतका घटना न्यूनीकरणका लागि सहकार्य नै विशेष उपाय हुन सक्ने सुझाएका छन् ।



मानव बेचबिखनविरूद्ध क्रियाशील नवअभियान नेपालको मेचीनगर -६ काँकडभिट्टा शाखा कार्यालयले आयोजना गरेको समीक्षात्मक कार्यक्रममा बोल्ने अधिकाँश वक्ताहरुले यस्तो कुरामा जोड दिएका हुन् ।

कार्यक्रमका प्रमुख अतिथि झापा मेचीनगर नगरपालिकाका उपप्रमुख मीना पोखेल उप्रेतीले मानव बेचबिखन रोकथाम र नियन्त्रण कसैको एक्लो प्रयासले मात्र सम्भव नहुने बताइन् । मानवताका नाताले हामी सबैले एक अर्कालाई साथ सहयोग गर्नुपर्ने र यो हामी सबैको जिम्मेवारी समेत रहेको उपप्रमुख उप्रेतीले स्पष्ट पारिन् । मानव बेचबिखन किन हुन्छ ? के कारणले बेचिन बाध्य छन् ? कस्ता मान्छे बेचिएका छन् ? लगायत यी सारा कारण पत्ता लगाएर यसको समाधान खोज्नु आजको आवश्यकता रहेको उपप्रमुख उप्रेतीको भनाई थियो । कुनै पनि कारणले मानिस हिंसा र बेचबिखनमा पर्नु नहुने उनको भनाई छ । तर, मानव बेचबिखन हुने कारण र भइरहेको छ भन्ने जानकारी सबैलाई छ तर अब यसको समाधानको विषयमा ठोस छलफल हुनुपर्‍यो भन्दै उपप्रमुख उप्रेतीले सरोकारवालाको ध्यानाकर्षण गराइन् ।

स्थानीय सरकार र विभिन्न सरकारी वा गैरसरकारी संघ संस्थाबीच नङ र मासुको सम्बन्ध रहनु पर्ने र स्थानीय सरकारसँग सहकार्य समन्वय गरि अघि बढ्नुपर्नेमा उनले जोड दिइन् । सबैजना मिलेर काम गर्दा त्यसले नतिजा पनि सन्तोषजनक दिने उपप्रमुख उप्रेतीले विश्वास व्यक्त गरिन् । उनले काम मात्र गर्ने नभई गरेको कामले नतिजा पनि दिनुपर्नेमा जोड दिइन् ।

इलाका प्रहरी कार्यालय काँकरभिट्टाका प्रहरी निरीक्षक वीरेन्द्र कोइरालाले मानव बेचबिखनको न्यूनीकरणका लागि सरकारी निकायले सम्बोधन गर्नुपर्ने सवालबारे चर्चा गरे । उनले विगतमा महिला मात्र बेचिन्छन्, भन्ने सोच थियो भने हाल श्रम शोषण, मानव अङ्ग झिक्नका लागि पुरुष र बालबालिका पनि मानव बेचबिखनमा पर्ने गरेको बताए । उनले भने 'मानव बेचबिखनमा पर्नु भनेको यौन शोषणका लागि मात्र बुझ्ने सोचमा अब परिवर्तन आउनुपर्छ, हाम्रो देशमा रोजगारीको अभावका कारण रोजगारीको प्रलोभनमा पारेर बन्धक बनाएर कम वा विना पारिश्रमिक काममा लगाउनु पनि बेचबिखन नै हो तर पुरुषले आफू बेचिए भन्न हिचकिचाउने कारणले उजुरी दिनेहरूमा महिला नै बढी देखिएको छ ।'

उनले मानव बेचबिखनमा आधुनिक प्रविधिले समेत जोखिम बढाएको बताए । ' आजभोलि सबै मानिसको हातमा मोबाइल देखिन्छ । अधिकांश युवायुवती मोबाइलमै व्यस्त देखिन्छन् । नेपाली बजारमा प्रविधिले आफूलाई स्थापित गरिरहेको छ । प्रविधिले कतिपय कामलाई निकै सहज बनाएको छ । तर प्रविधिकै कारण नेपाली महिला र बालबालिका बेचबिखनको उच्च जोखिममा पर्ने गरेका छन् ' प्रहरी निरीक्षक कोइरालाले भने ।

विगतमा भौतिक उपस्थितिमै ललाइफकाइ महिला बेच्ने गिरोह अहिले मोबाइल फोनबाटै महिलालाई लोभ्याएर विदेश पुर्याउने गरेको लामो समयसम्म अनुसन्धानका क्षेत्रमा काम गरिसकेका प्रहरी निरीक्षक कोइरालाले बताए । कोइरालाले भने, 'दलालले इमोमार्फत महिलालाई ललाइफकाइ गर्ने शैली अपनाएपछि यसको रोकथाममा पनि चुनौती थपिएको छ ।' 'अहिले फोनकै भरमा महिलालाई भारत ओसार्न थालेपछि नियन्त्रणमा समेत चुनौती थपियो'उनले भने ।

दलालले फोनमा देखाएको प्रलोभनले ग्रामीण सोझा, अशिक्षित महिलामात्रै नभई सचेत महिला पनि फस्ने गरेका छन् । मोबाइल फोन, फेसबुक, म्यासेन्जर, इमोलगायतका कारण मानव तस्करलाई नयाँ व्यक्तिसँग चिनजान र सम्पर्क बढाउन सहज बनाइदिएको छ । यसले मानव बेचबिखन तथा ओसारपसारलाई अझै बढी सहज बनाउँदै भनेको समय र स्थानमा बोलाएर भेट्न सजिलो भएको छ ।

मेची सामुदायिक सेवा केन्द्र मेचीनगरका अध्यक्ष मुक्ति पौडेलले सवै जनाको सहकार्य र समन्वय भएमात्र यस्ता घटनामा कमि आउने बताए । काँकरभिट्टा नाका रहेर काम गर्ने सरकारी तथा गैरसरकारी संस्थालाई स्थानीय सरकारसँग समन्वय गरेर अघि बढ्न सुझाव दिए ।

कार्यक्रमको अध्यक्षता गर्दै केन्द्रीय कार्यालयका कार्यक्रम निर्देशक सविना श्रेष्ठले संस्था गरेका गतिविधिका बारेमा सहभागीलाई जानकारी दिइन् । चेलीबेटी बेचबिखनविरुद्ध सरकारी र गैरसरकारी निकाय सक्रिय भएसँगै दलालले आफ्नो शैली पनि फेरेको उनको भनाई छ ।

संस्थाका कार्यक्रम संयोजक सरस्वती मानन्धरले अहिलेसम्म देशभरि संस्थाले भए गरेका गतिविधिका बारेमा चर्चा गरिन् । उनले संस्थाले चार हजारबढीका बीचमा विभिन्न चेतनामुलक कार्यक्रम गरेको ,छ जना बालबालिकाहरुको उद्धार गरेको, पाँचसय बढीलाई रोकथाम गरेको, ९० जना बालबालिकाहरुलाई विभिन्न छात्रावृत्ति प्रदान गरेको, १५ जनालाई विभिन्न सीपमुलक तालिम प्रदान गरिएको, तीन सय जनालाई परामर्श सेवा दिइएको, तीन सय जनालाई अस्थायी आवास गृह उपलब्ध गराइएको उनले बताइन । कार्यक्रमको सञ्चालन बरिष्ठ कर्मचारी अनिता गुरागाईं गरेकी थिइन् ।

# सचिव आचार्य जिम्मेवारीविहीन

झापा(प्रस) । कोशी प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री भूपेन्द्र राईको 'स्वार्थ'का कारण सरुवा भएको लामो समयसम्म पनि सचिव मिलन आचार्य जिम्मेवारीविहीन भएर बस्नु परिरहेको छ।

संघीय सरकारको शहरी विकास मन्त्रालयबाट कोशी प्रदेशमा सरुवा गरिएका सचिव आचार्यलाई ३ सातादेखि जिम्मेवारीविहीन बनाएर राखिएको हो। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले भौतिक पूर्वाधार विकास मन्त्रालयमा खटाउने तयारी गरे पनि मन्त्री राईले नमान्दा समस्या भइरहेको स्रोतले बतायो।

स्रोतका अनुसार मन्त्रालय साउन २६ गतेदेखि सचिवविहीन रहे पनि व्यक्तिगत 'स्वार्थ' पूरा नहुने भएकैले मन्त्री राईले सचिवका रूपमा आचार्यलाई स्वीकार गर्न नसकेका हुन्। आचार्यलाई भौतिक पूर्वाधार विकास मन्त्रालयमा लैजान राईले अवरोध गरिरहेका छन्। जसका कारण आचार्यले मन्त्रालयको जिम्मेवारीमा पाउन सकेका छैनन्।

साउन २६ गतेको मन्त्रिपरिषद्को निर्णयअनुसार कोशी प्रदेशमा सरुवा गरिएपछि सचिव आचार्य मुख्यमन्त्री कार्यालयमा हाजिर भएका थिए। मुख्यमन्त्री कार्यालयले उनलाई पूर्वाधार मन्त्रालयमा पठाउने तयारी गरेको थियो। तर, मन्त्री राईले 'अब्जेक्सन' जनाएसँगै यसअघिका कुनै पनि मन्त्रिपरिषद् बैठकबाट निर्णय हुन सकेन। यसअघि संघ सरकारले सिधै प्रदेशका मन्त्रालय तोकेर सचिवहरूको सरुवा गर्ने गरेको थियो। तर, केपी शर्मा ओली नेतृत्वको सरकारले भने सिधै प्रदेशमा सरुवा गर्ने र प्रदेशको मन्त्रिपरिषद् बैठकबाट आवश्यकताअनुसार मन्त्रालयमा सचिव खटाउने व्यवस्था मिलाएको छ।

साउन २६ कै निर्णयअनुसार तत्कालीन सचिव अशोक साहको सरुवा भएपछि पूर्वाधार मन्त्रालय हालसम्म निमित्तको भरमा चलिरहेको छ। उपसचिव रमेश श्रेष्ठले निमित्त सचिवको रूपमा काम गरिरहेका छन्। गठबन्धन सरकारमा नेपाली कांग्रेसका तर्फबाट मन्त्री भएका राईले पूर्वाधारसहित स्वास्थ्य मन्त्रालयको समेत जिम्मेवारी सम्हालिरहेका छन्।

मुख्यमन्त्री कार्यालयले सचिव आचार्यलाई पठाउने तयारी गरे पनि मन्त्री राईले असहमति जनाइरहेकाले प्रक्रिया अघि बढ्न नसकेको स्रोतको भनाइ छ। सचिव आचार्य उपसचिव हुँदा पूर्वाधार विकास कार्यालय इलामको प्रमुख थिए। सहसचिवमा बढुवा भएपछि शहरी विकास मन्त्रालयमा सरुवा भएका आचार्यको पोष्टिङ अहिले कोशी प्रदेशमा भएको छ।

उनी प्राविधिकतर्फका सहसचिव हुन्। प्राविधिकतर्फको भएकाले अर्को मन्त्रालयमा पठाउन नमिल्ने मुख्यमन्त्री कार्यालयले जनाएको छ। त्यहाँमाथि पूर्वाधार मन्त्रालयमा सचिव रिक्त छ। 'मुख्यमन्त्री कार्यालयले पूर्वाधार मन्त्रालय पठाउन जोडबल गरिरहेको छ। मन्त्रीले हाजिर नगराउने अडान लिएपछि सम्भव भइरहेको छैन,' मुख्यमन्त्री कार्यालय स्रोतले भन्यो।

चालु आर्थिक वर्षबाट प्रदेश सरकारले १४ वटै जिल्लामा भौतिक पूर्वाधार कार्यालय स्थापना गरेको छ। तत्कालीन सचिव अशोक साहको सरुवा भइसकेपछि उनीमार्फत मन्त्री राईले १४ जिल्लाका पूर्वाधार कार्यालय प्रमुख हेरफेरको प्रस्ताव मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा लगेका थिए। साहको सरुवा साउन २६ को मन्त्रिपरिषद् निर्णय अनुसार भएको हो। रमाना लिनुअघि साहमार्फत मन्त्री राईले 'सेटिङ'मा कार्यालयका प्रमुखको सिफारिस गरेको स्रोतको दाबी छ।

कार्यालय प्रमुखको र अन्तरमन्त्रालय सरुवा गर्ने अधिकार मुख्यमन्त्री कार्यालयलाई हुन्छ। स्रोतका अनुसार सचिव साहको सरुवापछि 'ब्याक डेट'मा कार्यालय प्रमुखहरुको सरुवाको प्रस्ताव तयार पारिएको थियो। त्यसलाई मुख्यमन्त्री कार्यालयले अस्वीकार गरेको हो। त्यही कारण मन्त्री राई मुख्यमन्त्री कार्यालयसँग असन्तुष्ट रहेको स्रोतको दाबी छ। स्रोतका अनुसार मन्त्री राईले चलखेल गरेर पूर्वाधार कार्यालयको प्रमुख सिफारिस गरेको थाहा पाएपछि मुख्यमन्त्री कार्यालयले फाइल अघि बढाउन चाहेको छैन। तर, मन्त्री राई भने आफ्नो सिफारिस कार्यान्वयन हुनुपर्ने अडानमा छन्।

सचिव आचार्यले मुख्यमन्त्री कार्यालयमा हाजिर भएको लामो समयसम्म आफूले मन्त्रालयको जिम्मेवारी पाउन नसकेको बताए। 'सरुवा भएर आएको धेरै भयो। तर, मन्त्रिपरिषदबाट अहिलेसम्म कुनै निर्णय भएको छैन। के गर्ने हो भन्ने अन्योलमा छु,' उनले भने। आफू काम

❖ बाँकी अन्तिम पृष्ठमा

# अमेरिकाबाट धमाधम नेपालीहरु निकालिँदै



झापा(प्रस) । राष्ट्रपति डोनाल्ड ट्रम्पको दोस्रो कार्यकाल सुरु भएयता अमेरिकाबाट नेपालीहरु डिपोर्ट हुने क्रम निरन्तर जारी छ । यसअघि दुई फरक-फरक चार्टर उडानमार्फत र नियमित उडानमार्फत नेपालीहरु डिपोर्ट भएका थिए ।

अमेरिकी सरकारले तेस्रो पटक चार्टर विमानमार्फत डिपोर्ट गरेका थप ३७ जना नेपाली बुधबार काठमाडौं आइपुग्नेछन् । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यलयका अनुसार जनवरीदेखि अगस्टसम्म ८ महिनामा मात्रै अमेरिकाबाट २ सय १५ जना नेपाली डिपोर्ट भएर आइसकेका छन् ।

यसअघि अमेरिकाले २१ फागुन २०८१ मा डिपोर्टमा परेका ७ पुरुष र १ महिला सहित ८ जना चार्टर विमानमार्फत नेपाल पठाएको थियो । २४ जेठमा ३२ पुरुष र ५ महिला गरेर ३७ जना नेपालीलाई अमेरिकाले ओम्नी एयर इन्टर नेसनलको कल-साइन एन-४८६ एएक्स जहाजबाट नेपाल पठाएको थियो । डिपोर्टमा परेका नेपाली लिएर बुधबार आउन लागेको चार्टर जहाज तेस्रो हो । यसका अलावा डिपोर्ट भएका १७० जना भने नियमित उडानमार्फत नेपाल आइपुगेका हुन् । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयका अनुसार जनवरीमा ६, फेब्रुअरीमा १८, मार्चमा ३२, अप्रिलमा २६, मे मा ५८, जुनमा ४२, जुलाइमा १७ र अगस्तमा १६ नेपाली डिपोर्ट भइ नेपाल फर्किसकेका छन् । डिपोर्ट भएकामध्ये १९७ पुरुष छन् भने १८ महिला ।

२० जनवरी २०२५ मा दोस्रो कार्यकालको पदभार सम्हालेसँगै राष्ट्रपति ट्रम्पले गैरकानुनी रूपमा बसोबास गर्दै आएका नेपालसहितका आप्रवासीहरूलाई निष्कासन गर्ने नीति अगाडि बढाइरहेका छन् । ट्रम्प प्रशासनले त्यहाँको ‘ इमिग्रेसन एन्ड कस्टम इन्फोर्समेन्ट’ (आईस) मार्फत नेपालसहित विभिन्न मुलुकमा गैरकानुनी बसोबास गर्ने आप्रवासीलाई पक्राउ गरी निष्कासनको अभियान नै चलाएको छ । आईसले नेपालसहित विभिन्न देशबाट अमेरिका पुगेका १४ लाख ४५ हजार ५ सय ४९ जनालाई निष्कासन गर्ने सूचीमा राखेकामा सबैभन्दा बढी मेक्सिको, एल साल्भाडोर, भारत, ग्वाटेमाला, होन्डुरस, भेनेजुएलाका नागरिक गैरकानुनी रूपमा बसोबास गरिरहेको विवरण यसअघि नै सार्वजनिक भएको थियो ।

प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोका अनुसार अमेरिकाबाट निष्कासनमा परेका अधिकांश नेपाली मानव तस्करीमा संलग्न संगठित गिरोहलाई मोटो रकम बुझाएर एसिया, युरोप र अफ्रिकाका विभिन्न देश हुँदै अमेरिका छिर्नेहरू बढी छन् । केही व्यक्ति भने विभिन्न कार्यक्रममा अमेरिका गएर उतै गैरकानुनी रूपमा बसोबास गर्दै आएका पनि छन् ।

अध्यागमन र प्रहरीबाट प्राप्त विवरणमा ‘डिपोर्ट’ भएर आएका दाङ, पश्चिम रुकुम र पूर्वी रुकुमका सबैभन्दा धेरै छन् । ‘डिपोर्ट’ भएका अधिकांश संगठित गिरोहलाई रकम बुझाएर तल्लो रुट (अवैध बाटो) बाट अमेरिका प्रवेश गरेका छन् । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालय र नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोका अधिकारीहरूका अनुसार ‘डिपोर्ट’ हुने अधिकांश नेपालसहित विभिन्न देशमा सक्रिय गिरोहमार्फत तल्लो रुटबाट अमेरिका पुगेको पाइएको छ ।

# मोटरसाइकल दुर्घटनामा तीनजना घाइते

झापा(प्रस) । झापाको कन्काई र बिर्तामोडमा भएका मोटरसाइकल दुर्घटनामा तीनजना घाइते भएका छन् ।

सोमवार राति ८ बजे कन्काई नगरपालिका वडा न.८ त्रिवेणी टोलस्थित भित्री सडकखण्डमा बिरिङ पुलबाट त्रिवेणी टोलतर्फ जाँदै गरेको को २० प ५१६१ नं. को मोटरसाइकलले सोही ठाउँ बस्ने अनोज रसाईलीका छोरा ६ वर्षीय जीवन रसाईलीलाई ठक्कर दिएको हो । आफ्नै घरअगाडी खेल्ने क्रममा ठक्कर दिँदा बालकको टाउको, अनुहार र ढाडमा चोट लागेको छ । घाइते बालकको बिर्तासिटी अस्पताल बिर्तामोडमा उपचार भइरहेको छ ।




इलाका प्रहरी कार्यालय सुरुङ्गाबाट प्रहरी नायव निरीक्षक सुवास ढुंगानाको कमाण्डमा टोली खटिएर मोटरसाइकल र मोटरसाइकल चालक इलाम नगरपालिका वडा न.४ बस्ने ३८ वर्षीय कृष्णकुमार श्रेष्ठलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय बिर्तामोड पठाएको छ ।

त्यस्तै सोमवार राति ९:३५ बजे बिर्तामोड नगरपालिका -२ चारपाने चौकस्थित पूर्वपश्चिम राजमार्गमा बिर्तामोडबाट लक्ष्मीपुरतर्फ जाँदै गरेको मे.८ प २७७१ न.को मोटरसाइकलले तत्काल नाम, थर र वतन नखुलेको पैदलयात्री २२ वर्षको जस्तो देखिने पुरुषलाई ठक्कर दिएको थियो । दुर्घटनामा पैदलयात्रीको दाहिने खुट्टा भाँचिएको छ भने टाउकोमा चोट लागेर अवस्था गम्भीर रहेको छ ।

मोटरसाइकल चालक अर्जुनधारा वडा न.५ बस्ने ३४ वर्षीय जीवन बुढाथोकी पनि घाइते भएका छन् । उनको टाउको ,अनुहार र आँखाको डिलमा चोट लागेको छ भने दुवै खुट्टाको घुँडा पिल्सिएको छ । दुवै जनाको बिर्तासिटी अस्पताल बिर्तामोडमा उपचार भइरहेको छ। दुर्घटनामा संलग्न मोटरसाइकल इलाका प्रहरी कार्यालय बिर्तामोडले नियन्त्रणमा लिएको छ ।

# चिया उत्पादक र चिया श्रमिकबीच सहमति



झापा(प्रस) । ९ पटकसम्मको वार्तापछि बल्ल चिया उत्पादक र चिया श्रमिकबीच सहमति भएको छ ।

चिया बगानमा क्रियाशील ट्रेड युनियन र नेपाल चिया उत्पादक संघका प्रतिनिधिबीच सोमवार सहमति भएको हो । चिया बगानमा कार्यरत श्रमिकहरुले हाल खाइपाइ आएको न्यूनतम् पारिश्रमिकमा आधारभूततर्फ रु.३९, महंगी भत्तातर्फ रु.२६ थप गरी दैनिक आधारभूत पारिश्रमिक रु.३६२ , महंगी भत्ता रु.२०३ गरी जम्मा रु. ५६५ ,मासिकतर्फ आधारभूततर्फ ११६२ , महंगी भत्ता ६४४ थप गरी आधारभूत पारिश्रमिक रु. १००९६ ,महंगी भत्ता रु ५६०३ गरी जम्मा रु.१५६९९ पुर्याउने , चिया प्रशोधन कारखानामा काम गर्ने श्रमिक र बगानका सरदार, चौकीदारको समेत दैनिक भत्ता रु.७० निर्धारण गरिएको छ । जुन सहमति साउन १ गतेदेखि लागु हुनेगरी नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको न्यूनतम् पारिश्रमिक निर्धारण समितिमा सिफारिस गरिने भएको छ ।

सवै प्रतिष्ठानहरुमा प्रतिष्ठानलाई आवश्यक पर्ने कामदार संख्या यकिन गरी श्रम ऐन २०७४ को दफा ११ अनुसार २०८२ भाद्र मसान्तसम्ममा नियमित र समयगत रोजगार सम्झौता गरी काममा लगाउने, नियमित रोजगारीमा रहेका कामदारहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षाकोषमा सूचीकृत गर्ने प्रकृया सुरु गरी २०८२ असोज मसान्तसम्ममा सूचीकृत गरी सक्नेलगायतका सहमति भएको हो । चिया बगानमा क्रियाशील ट्रेड युनियनहरुले गत असार ६ गते ६ बुँदे माग राखेका थिए । तीस दिने अल्टिमेटमभित्र आफ्ना माग पूरा नभएपछि झापाका चिया श्रमिकहरुले साउन १८ गतेदेखि चिया बगान बन्द गरेका थिए ।

# राष्ट्रियसभाबाट निजामती सेवा विधेयक पारित

झापा(प्रस) । बहुप्रतिक्षित संघीय निजामती सेवा विधेयक, २०८० राष्ट्रियसभाबाट पारित भएको छ।



सभाको मंगलवारको बैठकमा संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त संघीय निजामती सेवा विधेयक, २०८० लाई पारित गरियोस् भन्ने प्रस्ताव गरेकी थिइन् । सभाअध्यक्ष नारायणप्रसाद दाहालले सभाबाट उक्त प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गरे । संवैधानिक व्यवस्थाअनुसार प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त भएको विधेयक राष्ट्रियसभाबाट पारित गर्नुपर्ने मंगलवार अन्तिम समयसीमा रहेको थियो।

मन्त्री न्यौपानेले यसअघि विधायन व्यवस्थापन समितिको प्रतिवदेनसहित प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त विधेयकमाथि छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गरेकी थिइन् ।

उक्त प्रस्तावमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै उनले विधेयकले संघीयताको मर्मअनुसार कर्मचारीको व्यवस्थापन गर्ने विश्वास व्यक्त गरिन्। “राष्ट्रियसभाले एउटा इतिहास रचेको छ। संघीयतालाई कार्यान्वयन गर्न आवश्यक पर्ने महत्वपूर्ण यस विधेयकमा अत्यन्तै हार्दिकताका साथ सहमति जुटेको छ”, मन्त्री न्यौपानेले भनिन्, “संघीयतामा गएको यतिका वर्ष भइसक्यो, तर त्यसको मर्मअनुसार कर्मचारीको व्यवस्थापन हुन सकिरहेको थिएन। अब कर्मचारी व्यवस्थापनमा भइरहेको असहजता र अन्योलताको हल गर्ने परिस्थिति बन्नेछ।”

विधेयकमाथिको छलफलमा भाग लिँदै सांसदहरू गोपीबहादुर सार्की अछामी, गोपाल भट्टराई, राधेश्याम पाश्वान, पद्मबहादुर परियार, विष्णुबहादुर विश्वकर्मा, रेणु चन्द, कृष्णबहादुर रोकाया र मायाप्रसाद शर्माले आ-आफ्ना धारणा राखेका थिए। सभाको मंगलवारकै पहिलो बैठकमा विधान व्यवस्थापन समिति सभापति तुलसाकुमारी दाहालले उक्त विधेयकसम्बन्धी प्रतिवेदन पेस गरेका थिए । उनले विधेयकले प्रशासनिक सङ्घीयतालाई प्रभावकारी बनाउने बताएका थिए । “प्रतिवेदनले निजामती सेवाका कर्मचारीलाई आफ्ना कामप्रति व्यावसायिक, निष्ठावान् र प्रतिबद्ध बनाउँदै नीतिनिर्माण एवं कार्यान्वयनमा स्वार्थको द्वन्द्व नहोस् भनी महत्वपूर्ण प्रावधान राखेको छ। खासगरी अवकाश भएको मितिले दुई वर्षसम्म अन्यत्र सेवा गर्न वा कुनै नियुक्ति लिन नपाउने गरी प्रबन्ध गरिएको छ”,सभापति दाहालले भने ।

विधेयकको व्यवस्थाअनुसार अब ऐन प्रारम्भ भएको वर्ष ५८, दोस्रो आर्थिक वर्षमा ५९ वर्ष र तेस्रो आर्थिक वर्षदेखि ६० वर्षको अनिवार्य अवकाश उमेर हद लागू हुनेछ। अब राष्ट्रियसभाबाट पारित भएको यो विधेयक प्रतिनिधिसभामा जानेछ। प्रतिनिधिसभाले राष्ट्रियसभाले गरेको संशोधन स्वीकार वा अस्वीकार गरेर प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पठाउने छ।

सभाको अर्को बैठक भदौ २३ गते सोमबार अपराह्न १ बजेर १५ मिनेटमा बस्नेछ।

# सर्पले टोकेर इलामका गुरुङ सिकिस्त

झापा(प्रस) ।सर्पले टोकेर इलाम सन्दकपुर गाउँपालिका- ५ जमुना बस्ने ६० वर्षीय तुलाराम गुरुङ सिकिस्त भएका छन् ।



सोमवार दिउँसो ४ बजे आफ्नै बारीमा घाँस काट्ने क्रममा उनलाई विषालु सर्पले टोकेको हो । बिरामीलाई गएराति ८ बजे जिल्ला अस्पताल इलाममा ल्याइ सामान्य उपचारपश्चात् थप उपचारको लागि सर्पदंश उपचार केन्द्र चारआली रिफर गरिएको छ । प्रहरी चौकी जमुनाबाट टोली खटिएर थप बुझ्ने कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ ।


## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

## १५ दिने सूचना

सधियार दक्षिणः श्री चम्पा देवी दाहाल को नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ४ हाल बिर्तामोड नगरपालिका, वडा नं. ४ बस्ने श्री मनिसा भट्टराईले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ४ | १७९०१ १९ | ७४४ | १३१.२० | २०८२/ ०३ /२२ | २०८२/ ०३ /२५ | २०८२/ ०४/२८ |


# दसैंका लागि गाडीको अग्रिम टिकट बुकिङ भदौ अन्तिममा खोलिँदै

झापा(प्रस) । दसैंका लागि गाडीको अग्रिम टिकट बुकिङ भदौ अन्तिममा खुला गरिने भएको छ । यो पटक दसैं छिटो भएकाले त्यही अनुसार बुकिङ खुला गर्नेगरी सरोकारवाला निकायबीच छलफल थालिएको यातायात व्यवस्था विभागले जनाएको छ । विभागका निर्देशक नरहरि तिवारीले घटस्थापना सुरु हुनु सात दिनअघि अग्रिम बुकिङ खोल्नेगरी तयारी गरिरहेको बताए ।

‘सोमबार विभागमा ट्राफिक प्रहरी, यातायात व्यवसायी लगायत सरोकारवाला निकायहरुको उपस्थितिमा अग्रिम टिकट बुकिङ खुल्ला गर्नेबारे छलफल भएको थियो,’ उनले भने, ‘छलफल अनुसार घटस्थापनाको एक हप्ता अघिबाट खुलाउनेगरी तयारी भएको छ ।’ अग्रिम टिकट बुकिङ खोल्ने सम्बन्धमा सरोकारवाला निकायविच फेरि छलफल गरेर मात्र निर्णय गरिने उनको भनाइ छ । ‘सडकको अवस्था के छ, गाडीको संख्या के कति छ ? ,’ उनले भने, ‘अनलाइन बुकिङलाई कसरी व्यवस्थित गर्ने भन्नेबारे प्रारम्भिक छलफल भएको छ ।’ विभागको बढी अनलाइन टिकटमै रहेको उनको भनाइ छ ।

अनलाइन टिकटमा हुने मनपरीलाई कसरी रोक्ने र यसलाई यात्रुमैत्री कसरी बनाउने भन्नेबारे अर्को चरणमा छलफल गरेर निर्णय गरिने उनको भनाइ थियो । त्यसो भए चाडवाडका बेला गाडी भाडा त वृद्धि हुँदैन नि ? भन्ने प्रश्नमा उनले भने- ‘अहिलेसम्म त्यस्तो कुनै तयारी छैन ।’

सबै निकायले दसैंमा आ-आफूले गर्नुपर्ने जिम्मेवारी पूरा गर्नुपर्ने नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष विजय स्वारले बताए । ‘चाडवाडमा महासंघको कुरा प्रस्ट छ,’ उनले भने, ‘जसले जे-जे गर्ने हो, त्यसको जिम्मेवारी लिन पर्छ र त्यही अनुसार पूरा गर्न पर्छ ।’ सडक विभागले सडक सहज बनाउने, यातायात व्यवस्था विभाग र व्यवसायीले के के गर्ने हो त्यो जिम्मेवारी पूरा गर्नुपर्ने उनको भनाइ छ ।

‘चाडवाड आएपछि गाडी भाडाका कुरा उठ्ने गरेको छ, यसमा जे निर्णय गर्छ, त्यो विभागले नै गर्छ,’ उनले भने, ‘तर हामी चाडवाडमा यात्रुलाई घरसम्म पुऱ्याउन तयार छौं, त्यसका लागि सडक सहज हुनु पर्छ ।’ चाडवाडका बेला टिकटमा हुने कालोबजारी नियन्त्रण गर्न सरकारी संयन्त्र सक्रिय हुनुपर्ने उनले बताए । ‘सर्वपक्षीय छलफल गरेर व्यवहारिक रुपमा एक हप्ता अघि टिकट बुकिङ खुल्ला गर्नु पर्छ, यो पटक पनि त्यही होला,’ उनले भने, ‘यात्रु सहायता कक्ष पनि त्यही अनुसार ठाउँ-ठाउँमा राखेर यात्रुलाई सहजीकरण गर्ने काम गर्नु पर्छ ।’ उनले यात्रुलाई चाडवाडमा ठगिन दिन नहुने र यात्रुहरु पनि आफू सचेत मात्र टिकट काट्नुपर्ने उनको सुझाव छ ।

त्यस्तै, सवारी साधनका लागि रुट परमिट पनि त्यही अनुसार खुल्ला गर्नुपर्ने यातायात व्यवसायीले बताएका छन् । गत वर्ष घटस्थापनाको दुईदिनपछि १९ गतेबाट अग्रिम टिकट बुकिङ खुला गरिएको थियो । तर रुट परमिट भने घटस्थापनाबाट पूर्णिमासम्मका लागि खुला गरिएको थियो । रुट परमिट खुला भएपछि उत्यका वा मुलुकका कुनै पनि ठाउँमा गुड्ने सवारी साधनले यात्रुबोकेर जुनसुकै जिल्ला वा ठाउँ पुग्न पाउने छन् । दसैंका बेला करिब २० लाख नागरिक काठमाडौं उपत्यकाबाट बाहिरिने गर्छन् ।

## आगलागीबाट विष्टको घर जलेर नष्ट

झापा(प्रस) ।इलामको चुलाचुलीमा आगलागी हुँदा एक घर जलेर नष्ट भएको छ । सोमवार राति १० बजे चुलाचुली गाउँपालिका- ६ तोरीवारी बस्ने चन्द्रबहादुर विष्टको टिनको छानो र टिनको बेरा भएको एकतले घरमा अचानक आगलागी भएको हो । आगलागीबाट घर र घरभित्र रहेका भाँडावर्तन,अन्नपात पूर्णरुपमा जलेर नष्ट हुँदा अन्दाजी ३ लाख पचासी हजार बराबरको क्षति भएको छ । प्रहरी चौकी पेल्टिमारीबाट प्रहरी बरिष्ठ नायव निरीक्षक नारायणप्रसाद कुँवरको कमाण्डमा प्रहरी टोली खटिएर दमक नगरपालिकाको दमकल र स्थानीयको सहयोगमा राति ११:२५ बजे आगो पूर्णरुपमा नियन्त्रणमा लिइएको थियो ।

**सचिव ...**

गर्ने उत्साह लिएर आएको बताउँदै उनले जिम्मेवारीविहीन बनाएर राख्दा समस्यामा परिरहेको सुनाए। ‘एउटा उत्साह बोकेर सेवा दिन आएको मान्छे हुँ। तर, अहिलेसम्म मेरा बारेमा निर्णय हुन सकेको छैन। उतै (शहरी विकास मन्त्रालय) फर्किनु पनि भनेका छैनन्। जिम्मेवारी पनि दिँदैनन्,’ आचार्य भन्छन्।

मन्त्री राईले भने आफ्नो मन्त्रालयमा सचिव पठाउने विषयको कुनै प्रस्ताव नै मन्त्रिपरिषद्मा नआएको बताए। उनले भने, ‘मन्त्रिपरिषद्मा प्रस्ताव आएकै छैन। मन्त्रिपरिषद्ले निर्णय गरेर जोसुकै सचिव पठाउँदा पनि कुनै बाधा हुने छैन।’ भौतिक पूर्वाधार कार्यालयका प्रमुखको सिफारिसमा कुनै चलखेल र ‘सेटिङ’ नभएको उनको जिकिर छ। मन्त्री राई भन्छन्, ‘पूर्वाधार कार्यालयहरुका प्रमुखको विषय टुंगिएको छैन। मुख्यमन्त्रीसँग बसेर छलफल गरिसकेपछि एउटा निष्कर्ष निकालेर सिफारिसलाई कार्यान्वयनमा लगिने छ। ‘सेटिङ’ गरेको भनेर आरोप लगाउँदै विवादमा तान्न खोजिएको हो।’


## हैजाका लक्षण र बच्ने उपाय

**लक्षणः**
**बारम्बार पानीजस्तो पातलो पखाला लाग्ने,**
**बारम्बार वान्ता हुने,**
**शरीर कमजोर हुने, आँखा भासिने,**
**शरीरमा पानीको कमी भई अत्यधिक पानी तिर्खा लाग्ने,**
**मुख र छाला सुख्खा हुने,**
**कमजोरी र थकान महशुस हुने,**
**चक्कर लाग्ने वा होश हराउने,**
**कम रक्तचाप र छिटो नाडी चल्ने ।**

**बच्ने उपायहरूः**
**पानी उमालेर वा फिल्टर गरेर पिउने,**
**खाना पकाउँदा र खाँदा साबुनपानीले हात धुने,**
**खुला रुपमा राखिएको खाना नखाने,**
**जथाभावी दिशापिसाव नगर्ने र शौचालय सफा राखे,**
**खानेकुरा राम्रोसँग पखालेर खाने,**
**झोलिलो खाना र प्रशस्त पानी पिउने,**
**लक्षण देखिएमा नजिकको स्वास्थ्य संस्थामा जाने ।**

नेपाल सरकार विज्ञापन बोर्ड


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# उद्यमीलाई सहयोग गर

बुद्ध जन्मस्थल लुम्बिनीको आसपासमा सञ्चालित उद्योग कारखाना दुई वर्षभित्र बन्द वा स्थानान्तरण गर्न सर्वोच्च अदालतले आदेश दिएको छ । विश्व सम्पदा सूचीमा रहेका महत्त्वपूर्ण पुरातात्त्विक सम्पदाहरूमा नजिकका कारखानाबाट अपूरणीय क्षति भइरहेको दाबी गर्दै त्यस्ता उद्योग बन्द वा स्थानान्तरण गर्न माग गरेर २०७५ मा सर्वोच्च अदालतमा रिट दायर गरिएको थियो । सात वर्षपछि रिटमा सुनवाइ गर्दै सर्वोच्च अदालतको संयुक्त इजलासले प्रदूषण फैलाउने उद्योग कारखाना बन्द गर्ने आदेश दिएको छ ।

संयुक्त इजलासले लुम्बिनी क्षेत्रबाहिर लगाइएको पर्खालको दक्षिणतर्फ भारतीय सीमासम्म र पूर्वपश्चिम तथा उत्तरतर्फ पर्खालदेखि १५ किलोमिटरसम्म नयाँ उद्योग खोल्न अनुमति नदिन पनि आदेश गरेको छ । बुद्ध जन्मस्थल लुम्बिनीमा रहेका विश्व प्रसिद्ध अशोक स्तम्भलगायतका पुरातात्विक महत्वका सम्पदा प्रदूषणका कारण सत्तटमा परेपछि संसारभर चिन्ता प्रकट भइरहेको छ । सर्वोच्च अदालतको परमादेशले सम्भवतः विश्व सम्पदाको अवस्थाप्रति चिन्तितहरू केही आश्वस्त भएको हुनुपर्छ ।

सर्वोच्च अदालतको परमादेशअनुसार अबको दुई वर्षभित्र ६१ वटा कलकारखाना लुम्बिनी क्षेत्रबाट हटाउनु पर्नेछ । यसैगरी भैरहवा( लुम्बिनी सडकमा १९ टनभन्दा बढीका मालवाहक गाडी पनि सञ्चालन गर्न पाइनेछैन । यसबाट उद्यमीहरूको ५०औं अर्ब लगानी डुब्ने र सयौं रोजगारी पनि बन्द हुने जोखिम उत्पन्न भएको दाबी व्यवसायीले गरेका छन् । विसं २०७३ को अध्ययनमा अशोक स्तम्भलगायतका विश्व सम्पदामा क्षति पुगेको पाइएको थियो ।

विश्व सम्पदाको संरक्षणका लागि अहिले हुने खर्चको रकम जति भए पनि ठूलो होइन । तर, कतिपय उद्योगी व्यवसायीका लागि भने त्यस क्षेत्रमा गरेको लगानी नै सर्वस्व हुनसक्छ । त्यहाँ खोलिएका उद्योग कारखाना पनि राज्यकै अनुमतिमा सञ्चालित देशकै सम्पत्ति हुन् । यसैले त्यस्ता उद्योग कारखाना बन्द वा स्थानान्तरण गर्दा तिनका सञ्चालकहरूलाई डुब्नबाट जोगाउने दायित्व पनि राज्यकै हो भन्ने मनन गरिनुपर्छ ।

सर्वोच्च अदालतको आदेश कार्यान्वयन गर्ने प्राथमिक पक्ष उद्योगी व्यापारी भए पनि भौतिक पूर्वाधार निर्माण गरी त्यसको सहजीकरणका निम्ति राज्य स्वयं पूर्वक्रियाशील हुनु जरुरी देखिन्छ । स्थानान्तरण गरिने उद्योगका लागि जग्गालगायत सडक, बिजुली, पानीजस्ता पूर्वाधार निर्माण गरेर स्थानीय सरकारले तिनलाई आफ्ना क्षेत्रमा आकर्षित गर्न सक्छन् । यस्तै उद्योगहरूको स्थानान्तरण गर्ने क्रममा नयाँ प्रविधि भित्र्याउन खोजिएमा कर छुट गर्नेलगायतका सुविधा पनि सरकारले दिनसक्छ ।

सर्वोच्च अदालतले दुई वर्षभित्र सार्न आदेश दिनुको अर्थ दुई वर्षसम्म पर्खनुपर्छ भन्ने होइन । प्रदूषण फैलाउने उद्योगहरू जति छिटो सार्न वा बन्द गर्न सकिन्छ विश्व सम्पदामा उति नै कम क्षति हुन्छ । उद्योग स्थानान्तरण वा बन्द गर्दा आर्थिक लगायत अन्य सहयोग आवश्यक भए पनि राज्यले अन्तर्राष्ट्रिय समुदायसँग माग्न सक्छ । विश्व सम्पदा जोगाउन रज्यले आलटाल गर्नु वा उदासीन बन्नु उचित हुँदैन ।




# संघीयता कार्यान्वयनका जटिलता



• महेन्द्रमान गुरुङ

एकात्मक शासनपद्धतिबाट संघीयतामा जान सहज थिएन, हुँदैन पनि । नेपालले विकासका नाममा अघोषित संघीयताको अभ्यास त थोरै भए पनि गरिराखेकै थियो । यसले सीमान्तकृत नागरिकका समस्या सम्बोधन गर्न सकेन । संघीयता त्यसकारण पनि आवश्यक थियो । नागरिक र विज्ञसँगको छलफलपछि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान जारी भयो ।

संविधान, कानुन, नीति, कार्यक्रम जति बनाए पनि कार्यान्वयन प्रक्रियामा जटिलता आउने रहेछ । कार्यान्वयनका क्रममा दुई वटा संघीय, प्रादेशिक र स्थानीय तहको राजनीतिक अभ्यास हामीले भोगिसकेका छौं । यसबिचमा छलफल चलाइएका र कतिपय राजनीतिक दलको विचारधाराकै रूपमा आएका विषयमध्ये मुख्य गरी देहायका विषय छन् । प्रदेश किन चाहियो ? संघीयता महँगो भयो, सिंह दरबारका विकृति नयाँ निर्माण भएका सरकारमा सऱ्यो, प्रशासनिक खर्च बढ्यो आदि इत्यादि । अझ अहिले आएर त संविधान संशोधनको एजेन्डासहित सरकार बनेको छ । कुनै पनि देशको विकास केन्द्रमा बसेर सोच्दैमा, योजना बनाउँदैमा, नीति तर्जुमा गर्दैमा र ठुलठुला किताब लेख्दैमा विकास हुँदो रहेनछ । पटक पटकका अभ्यासले यो प्रमाणित गरेको छ । देशको विकास फेरि केही व्यक्तिको विकास हुँदैमा, एउटा सहर, जिल्ला क्षेत्र वा एउटा समुदायको हुँदैमा पनि नहुँदो रहेछ । विकास त समग्रतामा खोजिने विषय रहेछ । देशका कुनाकाप्चामा जीवन गुजारिरहेका प्रत्येक नेपाली नागरिकले महसुस गर्न सकेमा मात्र विकास भएको मानिँदो रहेछ ।

देश विकासलाई समानुपातिक रूपमा अगाडि बढाउन विकास क्षेत्र, अञ्चल, जिल्ला, गाउँ र सहरमा त विभाजन गरिएकै थियो । विकासका नाममा गरिने क्रियाकलाप केन्द्र वा निश्चित क्षेत्रमा मात्र सीमित हुने, बजेट विनियोजन पनि त्यसरी नै हुने, दुर्गममा रहेका गाउँको विकासका लागि केन्द्रमा नै बसेर योजना बनाउनाले पनि विकास हुँदो रहेनछ । नागरिकका आवश्यकता र चाहनासहितका योजना तर्जुमा गर्नु पर्दो रहेछ । माथि बनाइएको योजना पूर्ण कार्यान्वयनमा ल्याउन सहज भएन । विकेन्द्रीकरणका नाममा बजेटको खोलो नै बगाइयो । केही विज्ञ र प्रशासक मात्र धनी हुने प्रक्रियामा मात्र विकास योजना सीमित भए ।

यही विडम्बनालाई ध्यानमा राखेर जनआन्दोलनपश्चात् बनेको संविधान सभाले बनाएको नेपालको संविधानले संघीयतालाई आत्मसात् गऱ्यो । संघ, प्रदेश र स्थानीय तहको व्यवस्था गऱ्यो । संविधान जारी भएर दुई वटा आवधिक निर्वाचनसमेत सम्पन्न भइसकेका छन् । संविधानले तीन तहका सरकारको व्यवस्था मात्र गरेन, तीनै तहका अधिकारको बाँडफाँटसमेत गरिदिएको छ । तीन तहबिच समन्वय र सहकार्यका लागि संरचना रहने व्यवस्थासमेत संविधानले गरेको छ ।

प्रदेश संरचना बनेपछि आवश्यकता र पहिचानका आधारमा प्रदेशले काम गरिरहेका छन् । कमसेकम अहिले केन्द्रले काठमाडौँ नै नेपाल हो भन्ने सोचबाट टाढा बसेर प्रादेशिक कार्यक्रम बनाइरहेको छ । स्रोतसाधनको जोहो गर्न मुश्किल भएकाले यसको प्रतिफल पाउन समय लाग्न सक्छ । स्थानीय तहले आफ्नै कानुन बनाएर काम गर्ने अवस्था संविधानले गरिदिएपछि कतिपय उदाहरणीय काम भइरहेका छन् । सर्वसाधारण नागरिकले कतिपय अवस्थामा काठमाडौँ धाउनुपर्ने अवस्थाबाट मुक्ति पाएका छन् । स्थानीय तहबाट भएका कतिपय उत्कृष्ट कार्यले सर्वसाधारण नागरिकलाई सुविधा पुगिरहेको विषय हामीले बिर्सन हुँदैन । ती संरचनाका कमीकमजोरी होलान् तर ती सुधारोन्मुख पनि त छन् नि ! संघीयता आफैँमा खराब होइन, हुन पनि सक्दैन । मुख्य विषय यसलाई कसरी कार्यान्वयन गर्ने भन्नेमा भर पर्ने हो । यसप्रति राजनीतिक दल इमानदार मात्र भएर हुँदैन, दलहरूको कार्यान्वयन प्रतिबद्धता सबैभन्दा बढी आवश्यक हुन्छ । के अहिलेको नेपालको संविधानमा त्रुटि छन्, साँच्चै नै नेपालको विकास गर्न, नेपाली जनतालाई सुखको अनुभूति दिन, उनीहरूका आधारभूत आवश्यकता पूर्ति गर्न यो संविधान नै बाधक बनेको हो त ?

संविधान कार्यान्वयनको नौ वर्ष पुग्दै गर्दा संविधान कार्यान्वयनका सन्दर्भमा हामी कति इमानदारीपूर्वक लाग्न सक्यौँ त भन्ने विषयको समीक्षा नगरी संविधानलाई दोष दिएर पन्छिन मिल्दैन ।

संविधानले संघीय संरचना अनुरूप प्रत्येक तहका सरकारको अधिकार बाँडफाँट गरेको छ । संघको, प्रदेशको र स्थानीय तहको अधिकार क्षेत्र तोकिदिएको छ । तिनै तहले मिलेर प्रयोग गर्ने अधिकार क्षेत्रबारे स्पष्ट उल्लेख गरेको छ । यसको कार्यान्वयनका लागि पटक पटक प्रतिवेदन तयार भएका छन् । देशको समृद्धि र नेपाली नागरिकको हितलाई ध्यानमा राख्ने नै हो भने संघ उदार भएर संविधानले नदिएका अधिकार वा मौन बसेका विषयमा पनि कानुन बनाएर प्रदेश वा स्थानीय तहलाई अधिकार सम्पन्न बनाउनतिर लाग्नु पर्छ । यहाँ त स्पष्ट उल्लेख भएका विषयमा पनि संघले अधिकार दिन चाहेको देखिँदैन ।

नयाँ बनेका स्थानीय तह र प्रदेशको निर्वाचनपश्चात् निर्वाचित जनप्रतिनिधिले गर्न खोज्ने विषय भनेकै आफूले जनतासामु व्यक्त गरेका प्रतिबद्धताको यथाशक्य कार्यान्वयन हो । त्यसका लागि आवश्यक पर्ने भनेकै जनशक्ति हो । हाम्रा कानुन तथा सिद्धान्तले पनि जनप्रतिनिधिलाई सिधा कार्यकारी अधिकार दिँदैन । आफूले बनाएका कानुन, नीति तथा कार्यक्रमको कार्यान्वयन भनेकै कर्मचारीमार्फत हो । एक दशक बितिसक्दा पनि कर्मचारी समायोजन गर्न सकिएको छैन । अहिले पनि धेरै स्थानीय तह निमित्तका भरमा चलेका छन् । कर्मचारी दिइहालियो भने पनि छ/छ महिनामा सरुवा हुन्छन् । स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतका रूपमा भर्खर अधिकृत भएका कर्मचारी पठाइन्छ ।

जसले आजसम्म कुनै सरकारी कार्यालयमा जिम्मेवारी लिएर टेकेको छैन, प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको छ महिनाको तालिमबाहेक कुनै पनि सरकारी निकायमा काम गरेको अनुभव नै छैन; उसले कसरी जिम्मेवारी वहन गर्न सक्छ ? महत्वाकांक्षासहित काम गर्न आतुर जनप्रतिनिधिसँग ठोक्किन पुग्दा, बेरुजु हुने मात्र नभई अख्तियारको चपेटामा समेत पर्नु परेको छ । यस्तो पीडा कसले बुझिदिने ?

स्थानीय तहमा कम्तीमा पनि उपसचिवस्तरको प्रमुख पठाइनु पर्छ । प्रदेशको अवस्था पनि त्यस्तै छ । प्रमुख सचिव एक महिना पनि नराखी सरुवा गरिन्छ । हामी भन्छौँ, प्रदेश र स्थानीय तहले काम गर्न सकेनन्, ती बोझ भए । हामीले काम गर्न नजानेर हो, प्रदेश र स्थानीय तह प्रभावकारी बन्न नसकेका । देशको शासन कानुनबमोजिम मात्र सञ्चालन हुन्छ, हुनु पर्छ ।

संघले कानुन बनाएर प्रदेश र स्थानीय तहलाई अधिकारसम्पन्न बनाउनुपर्नेमा अझै आवश्यक कानुन बनाउन सकिएको छैन । बनाउन सुरु भएका कानुन पनि संघीय सरकारमा बस्ने कर्मचारीका कारण अन्तिम चरणमा पुग्न सकेका छैनन् । बनाइहालियो भने पनि संविधान बनाउने बेलामा आवश्यक नठानिएका एकाइलाई यथावत् वा पुनर्जीवित गराउनतिर लागेको पाइन्छ । सरकारमा रहेका राजनीतिक दल र संसद्मा रहेका जनप्रतिनिधिले इमानदारीपूर्वक संविधानको पालना हुने गरी मात्र कानुन बनाउनतिर लाग्नु पर्छ ।

तिनै तहका शासनपद्धतिमा राजनीतिक दलका निर्वाचित जनप्रतिनिधिको शासकीय नेतृत्व हुन्छ । त्यसरी निर्वाचित जनप्रतिनिधिको कार्यशैली देख्दा कहीँ न कहीँ दलहरू पनि चुकेकै देखिन्छ । दलहरूले आफ्नो पार्टीको विस्तारका लागि मात्र प्रशिक्षण नचलाई शासकीयपद्धति र यसको कार्यान्वयनका पक्षमा निरन्तर प्रशिक्षण सञ्चालन गर्न आवश्यक छ । नत्र जनप्रतिनिधिकै क्रियाकलापका कारण दलहरू बदनाम हुने मात्र नभई देशलाई नै नोक्सान पुग्ने छ । यसबाट प्रभावित हुने भनेकै नागरिक हो । यो विषयमा दलहरू विशेष चनाखो हुनु पर्छ ।

अधिकार क्षेत्रका विषयमा स्थानीय तह र प्रदेशसँग संघका अनुभवी र संघीयता ल्याउन लागिपरेका नेता नै द्वन्द्वमा उत्रिनु कुनै पनि हिसाबबाट सुहाउने विषय होइन । भइरहेको त्यही छ, जो नहुनुपर्ने थियो । कहिले विद्यालय, सडक त कहिले भौतिक संरचना सञ्चालनका विषयमा नेताबाट भइरहने यस्ता क्रियाकलापले संघीयता बलियो बनाउँदैन । काठमाडौँका सडकका विषयमा देखिएको द्वन्द्वले हामी सबैलाई लज्जित बनाएकै छ । संघले त अब प्रदेश र स्थानीय तहलाई अगाडि बढाएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चासोका विषय, समग्र देशलाई समृद्ध बनाउन नीति तथा योजना बनाएर अभिभावकको भूमिका निर्वाह गर्नुपर्ने समय हो ।

दलको इच्छाशक्तिले मात्र सम्भव भएको नेपालको गणतान्त्रिक र संघीयतासहितको संविधान जारी भएको हो । संविधानले परिकल्पना गरेको देश विकासको मार्गमा डोऱ्याउन दलहरू तयार र प्रतिबद्ध हुनै पर्छ । संविधान संशोधनभन्दा अगाडि संविधानको इमानदारीपूर्वक कार्यान्वयन त गरौँ । संघीयता कार्यान्वयनका लागि आवश्यक कानुन उदारतापूर्वक सम्पन्न गरौँ । जनशक्ति व्यवस्थापनमा उदार बनौँ । पहिलो प्राथमिकता स्थानीय तहलाई दिऊँ । अनावश्यक कार्यालय कतिपयको जिद्दीका भरमा स्थापना भएका छन् भने खारेज गर्ने हिम्मत गरौँ, खर्च घटाउन सहयोग पुग्छ ।

# लिपुलेक संवादको सदाचार



• डा. अतीन्द्र दाहाल

छिमेकी मित्रराष्ट्रहरू चीन र भारतले नयाँ व्यापारिक सम्झौतामा पारवहनका लागि प्रयोग गरिने भनी उल्लेख गरेका क्षेत्रहरूका कारण हाम्रो राजनीतिमा लिपुलेक बहस फेरि ब्यूँतिएको छ। केही वर्ष पहिले प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वमा नेपालको अतिक्रमित भूमिसहितको नयाँ चुच्चे नक्सा सार्वजनिक भयो। नक्सा प्रकाशनसँगै नेपाल एक फड्को अगाडि बढ्यो, अन्तर्राष्ट्रिय समाचार बन्यो। कूटनीतिक वार्ता गरौं भनेर बारम्बार अनुनय गर्दासमेत अनिच्छा तथा अस्वीकार्यता देखाएको भारत वार्ता गर्न इच्छुक भयो। जीवन्त संवादको शृंखला सुरु भयो।

तर अहिले एकाएक अनपेक्षित रूपमा नेपालको सहभागिता र अनुमोदन बेगर उक्त क्षेत्रबाट व्यपार पथ कायम गर्ने कुराले नयाँ संशय खडा गरेको छ। घटनाको गाम्भीर्यताको कारण दुई देशबीच बहस तथा जवाफी बहस स्वाभाविक हो। त्यसैले असहमतिको सहजीकरकण तथा विवाद निरूपण गर्न सम्भावित अन्य सबै खालका उपाय खोज्नुपर्ने जिम्मेवारी सरकारमाथि आएको छ। अन्तरदेशीय विवादलाई निरूपण गर्ने प्रचलित चार उपाय सम्बन्धित देशबीच द्विपक्षीय वार्ता, तेस्रो पक्षको मध्यस्थतामा वार्ता, संयुक्त राष्ट्रसघंको ध्यानाकर्षण तथा मध्यस्थता र अन्तिम भनेको अन्तर्राष्ट्रिय न्यायालयको शरण हुन्। हामीले पहिलो चरणबाटै अपेक्षित नतिजाको खोजी गर्नुपर्छ। विभिन्न अनुसन्धानहरूले विश्वभर लभभग १ सय ५० बढी अन्तरदेशीय सीमा विवादहरू वार्ताबाटै सुल्झिएको देखाँउछन्।

नक्सा बन्दैमा र वार्ता गर्दैमा सहजै भूमि फिर्ता त नआउला तर प्रयास स्तुत्य छ। राम्रो सुरुवात भनेको हरेक काम आधा सम्पन्न हुनु हो। हाम्रो जिम्मेवारी हो भन्ने बोध हुन्छ, सरकारको तदारूकता तथा संकल्प प्रमाणित गर्छ। वार्ता तथा छलफलको कुशल व्यवस्थापनमा आफ्नो सौदाबाजी क्षमताको अभिवृद्धिसँगै प्रतिवादी दलिलको अनुमानमा समेत ध्यान राख्नुपर्छ। नेपालको पछिल्लो क्षेत्र सुगौली सन्धिमा कायम सर्तबमोजिम हो भनिन्छ र यसमा दुवै देशसमेत सहमत छन्। यद्यपि सन् १८१६ मा सम्पन्न उक्त सन्धिको आधिकारिक र प्रथम हस्ताक्षर भएको मूल सामग्री अथवा प्रमाणित प्रतिलिपिसमेत हामीसँग नभएको अनि विगतका अनुसन्धानकर्ताहरूले समेत नभेटेको भन्ने समाचारहरू यदाकदा आउँछन्। साँच्चै त्यस्तो अवस्था भएमा उक्त मूल सन्धि खोज्ने, प्राप्त गर्ने कुरामा सरकारले यथाशक्य यथासम्भव प्रयास गर्नुपर्छ।

प्रमाणहरू संकलन गर्न विशेष संयन्त्र बनाई अधिक प्रमाणहरू संकलन गरिनुपर्छ। कोही नागरिकसँग पनि त्यस्ता सहयोगी प्रमाण भएमा उपलब्ध गराउन व्यापकरूपमा सार्वजनिक अपिल गर्नुपर्छ। रतन भण्डारीको पुस्तक 'अतिक्रमणको चपेटामा लिपुलेक तथा लिम्पियाधुरा' यसको सहयोगी सामग्री बन्न सक्छ। सिमानाका विवादमाथि ४० वर्षदेखि निरन्तर अनुसन्धानरत लेखक बुद्धिनारायण श्रेष्ठबाट समेत थुप्रै सामग्री प्रकाशित छन्। अतिक्रमित भूमि नसमेटी भारतीय पक्षबाट त्यसबखत प्रचलनमा रहेका नक्सासमेत राख्नुपर्छ। तत्कालीन नक्साहरू, पत्राचारहरू, सनद, इस्तिहार, सबाल, तिरोतिरान, अन्य रसिद, पुर्जा तथा तथ्यांकको व्यापक संग्रह तयार गर्नुपर्छ। नेपाल भारतबाहेक अन्य पक्षबाट प्रचलित भएका तथा हाम्रो पक्षमा रहेका प्रमाणसमेत खोजी गर्नुपर्छ।

भारतसँग वार्ता गर्दा हाम्रा प्रमाणलाई कुन तवरबाट प्रस्तुत गर्ने अनि उसबाट आउन सक्ने प्रतितर्क के हुन् ? कसरी प्रतिउत्तर गर्ने ? भन्नका लागि बहुआयामिक बुझाइ तथा ज्ञान भएका विज्ञहरूको वार्ता, सुझाव तथा बहस नोट निर्माण समितिसमेत खडा गर्नुपर्छ। अतिक्रमित भूमिमा रहेका नागरिकबाट समेत आफूहरू नेपाली भएको र नेपालतर्फ नै रहन चाहेको भन्ने सामाजिक मनोविज्ञान निर्माण गर्न आवश्यक प्रयास गर्नेमा पनि ध्यान दिनुपर्छ। अविलम्ब हाम्रो नयाँ नक्साको बारेमा संयुक्त राष्ट्रसंघलाई जानकारी दिँदै अभिलेखमा समेत संशोधन तथा अध्यावधिक गरिदिन अनुरोध होस्। सबै देशका सरकार प्रमुख र राष्ट्रप्रमुखलाई राजदूतावास तथा कूटनीतिक तरिकाबाट नयाँ नक्सा आएको कुरा औपचारिक रूपमा जानकारी सम्प्रेषित गरियोस्। तत्तत् देशका आधिकारिक अभिलेख तथा प्रचलनमा पनि अध्यावधिक गरिदिन अनुरोध पठाइयोस्।

अनि, हाम्रा सबै सामग्री सरकारी लेटरप्याड, निसान छाप, पाठ्यपुस्तक, अरू दस्तावेज, नागरिकता तथा लाइसेन्सजस्ता नेपालको मानचित्र अंकित भएका प्रमाण अथवा सामग्रीलाई सुधारिएको नक्सासहित तत्कालै पुनर्मुद्रण गर्नुपर्छ। विशेषगरी, मित्रराष्ट्र चीनलाई समेत उक्त क्षेत्र विवादित रहेकाले यस आधारित कुनै सम्झौता नगर्न अनुरोध गर्न सकिन्छ। नेपालको 'एक चीन नीति'प्रतिको समर्थनमा चीनले पनि 'एक पूर्ण नेपाल नीति'लाई समर्थन गर्न अनुरोध गर्नुपर्छ। कसैले यस कदमको खण्डन गर्न खोजेमा त्यसको प्रतिउत्तर सबैले र एउटै प्रकारले दिनुपर्छ। नागरिकलाई समेत त्यस्ता तर्क र प्रमाणहरूमाथि राज्यले सामन्य प्रशिक्षित बनाउनुपर्छ। अन्तर्राष्ट्रिय भाषामा समेत हाम्रा तर्क, प्रमाण तथा मागहरूलाई प्रशस्त रूपमा प्रकाशन तथा प्रसारण गर्दै विषयलाई व्यापक बनाइनुपर्छ। स्वदेश विदेशमा जो जहाँ छौं, त्यहीबाट बहस उठान हुनुपर्छ।यस्ता असहजताहरू निरूपण गर्न दोस्रो तहको कूटनीति (ट्र्याक टु डिप्लोमेसी) लाई अभ्यासमा ल्याइनुपर्छ। भारतीय आमनागरिकबीच उक्त क्षेत्र नेपालको थियो भन्ने विश्वास निर्माण गराउनुपर्छ। गैरसरकारी तहका अन्य समानान्तर संरचनाबीच व्यापक छलफल हुनुपर्छ। कर्मचारी, पेसाकर्मी, सञ्चारकर्मी, विद्यार्थी, अधिवक्ता, प्राध्यापक, उद्योगी, लेखक, साहित्यकार, चिकित्सकलगायत सबैका यहाँका संगठनहरूले त्यहाँका सोही प्रकारका संगठनमार्फत आफ्ना कुराहरू राख्नुपर्छ। उनीहरूलाई समेत उक्त क्षेत्र नेपालको भएकोमा विश्वस्त पार्दै सरकारलाई सोहीअनुसार सुझाउन अनुरोध गर्ने वातावरण बनाउन खोज्नुपर्छ। हामीले त आफ्ना प्रमाणहरू पेस गर्नेछौं तर वार्तामा बस्दा भारतका तर्फबाट आउन सक्ने प्रतिवादी दलिलको अनुमान गर्दै त्यसलाई कसरी प्रतिउत्तर दिने भन्नेसमेत पूर्ण तयारी गर्नुपर्छ।

भारतीय पक्षहरू पनि भनिरहेका छन् कि त्यस्तै विभिन्न प्रमाणकै आधारमा उनीहरू उक्त भूमिलाई उनीहरूको ठान्छन्। त्यसैले उनीहरूले के कस्ता दलिलहरू पेस गर्लान् र त्यसमाथि ? कसरी प्रतिरक्षात्मक तथा प्रत्युत्तरात्मक तर्क साथै नजिर पस्कने भनेर समेत तयारी गरिनुपर्छ। वर्तमानमा त्यहाँका नागरिकसँग भारतीय रासनकार्ड तथा नागरिकता छ। उनीहरूका तिरोतिरान तथा रसिद आदि भारतका पक्षमा छन्। उक्त क्षेत्रमा नेपालको प्रशासनिक तथा राजनीतिक उपस्थिति छैन भन्ने तर्कसमेत आउन सक्नेछ। नेपालले स्वेच्छाले छाडेको अथवा पछिल्लो समय कुनै प्रकारका पूरक सम्झौतामार्फत् उक्त भू-भागको अधिकार हस्तान्तरण भएको जस्ता गोलमोटल तर्कहरू भारतीय सञ्चारमाध्यममा बजिरहेकै छन्।

देशको कुनै ठाउँमा केही कालखण्ड कारणवश प्रशासनिक उपस्थिति नपुग्नु भनेको अरूलाई गैरकानुनी अतिक्रमण गर्न अनुमति दिनु भन्ने कदापि हुँदैन। त्यसरी निर्माण भएका तर्कलाई अज्ञानताको भ्रम भनिन्छ। छिमेकीले घरमा ताला नलगाएको भन्दैमा घर कब्जा गर्नु मानवीय तथा कानुनी दुवै आधारले अपराध हुन्छ। अरूको कमजोरीको गलत फाइदा लिनुसमेत अमान्य र दण्डनीय नै हो। सन्धिमार्फत व्यवस्थित अवधारणा अर्को सन्धिबाहेक अन्य सम्झौताबाट प्रतिस्थापन हुँदैन र त्यसपछि नेपाल भारतबीच अन्य सीमा सन्धि भएको समेत छैन।

वार्तामा रहँदा प्रमाणले आफूलाई बलियो नदेखाउने अवस्थामा जोखिम हस्तान्तरण अथवा न्यूनीकरण गर्न अनेकन गलत तर्क अपनाउन सक्ने सम्भावना छ। त्यहाँ बसेका मानिसको मनोभावनालाई आधार मान्नुपर्ने अथवा बिट्रेनलाई नै सोध्नुपर्ने जस्ता बखेडा उठ्न सक्छ। विवादित भएमा त्यस्ता सर्त सही हुन सक्लान् तर उक्त भूमि विवादित नभै अतिक्रमित भएकाले र प्रमाण अभावसमेत नरहेकाले त्यस्ता विधिको प्रयोग हुन नसक्ने आवाजलाई बुलन्द पार्नुपर्छ। विगतमा हामीले प्रयोग गरेका आधिकारिक प्रमाणहरूमा समेत धेरै विरोधाभास भएकाले अहिले पछि आएर अरूको भूमि दाबी गरेको जस्तो देखाउने गलत व्याख्या हुन सक्छ। यस्ता भनाइको प्रतिवादमा हामीले अझ तार्किक आधारहरू निर्माण गर्नुपर्छ।

यही बहानालाई लिएर फेरी नाकाबन्दी, आयात/निर्यातमा असहजता, त्यहाँ रहेका नेपाली समुदायका मानिसमाथि मानसिक आतंक सिर्जनाजस्ता काम नहोला भन्न सकिन्न। यदि भएमा कस्ता उपायहरू अवलम्बन गर्ने भन्नेसमेत अग्रिम तयारी गर्नुपर्छ। त्यसैले नक्सा सार्वजनिक हुनु र प्रमाणहरू खोजी गर्नु त सुरुआत मात्र थिए। यसबाट सरकार नभाग्न र विषय नहार्नका लागि हामीले आफ्ना प्रमाणलाई गहन बनाउनेसँगै उनीहरूका सम्भावित तर्कमाथि बलियो प्रतितर्क निर्माणको वातावरण बनाउन सघन ध्यान दिनुपर्छ। लिपुलेक संवादमा प्रमाणभन्दा संवाद सदाचार र सामीप्यता बढी अर्थपूर्ण एवं परिणाममुखी बन्नुपर्छ।

# खानेपानीकै कारण हैजाको महामारी

झापा(प्रस) । नेपालमा बर्षैपिच्छे महामारीका रूपमा देखापर्ने हैजा (कोलेरा) को प्रमुख कारण खानेपानी रहेको छ। अघिल्ला वर्षहरूमा खानेपानीमा ढल मिसिएर, इनारमा ढलको पानी मिसावट भएर, पानीका पाइप फुट्न गई हैजाको भाइरस मिसिएर, भिब्रियो कोलेरा भएको तरकारी नपखाली खाँदा हैजा महामारीका रूपमा फैलने गरेको छ। गत वर्ष ललितपुरको पुनर्स्थापना केन्द्रमा हैजाले महामारीको रूप लिएको थियो। काठमाडौँमा पनि हैजाका कारण धेरै मानिस प्रभावित भएका थिए। बर्खाको पानी मिसावट भएर हैजा फैलिएको थियो। इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा. चन्द्रभाल झाले हैजा फैलने प्रमुख कारण पानी र खानेकुराबाहेक अरू हुन नसक्ने बताए। ढलको पानी पिउने, पानी नतताई पिउने, सागसब्जी नपखाली खाएका कारण हैजा पुष्टि भएको छ। डा. झाले बर्सेनि हैजाको प्रकोप बढ्नुमा कोलेरा जीवाणु भएको खानेपानी प्रमुख कारण भएको जानकारी दिए। भिब्रियो कोलेरा नामक जीवाणुबाट हैजा फैलिएको पनि उनले जानकारी गराए। वीरगन्जमा फैलिएको हैजाको प्रमुख कारण खानेपानी यही भएको उनले बताए।

डा. झाले बर्सेनि हैजा फैलनुमा व्यापक रूपमा जनचेतनाको कमी रहेको बताए। कम्तीमा पानी उमालेर पिउने हो भने हैजाको जीवाणु मर्छ र हैजा फैलन पाउँदैन। "नेपालमा जहाँ हैजा फैलिएको छ, त्यहाँ जनचेतनाको अभाव देखियो। अब बर्खाको समयमा पानी उमालेर मात्र खानु पर्छ भन्ने सन्देश फैलाउन सके हैजाको महामारी कहिल्यै पनि देखापर्ने छैन," डा. झाले भने।

खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपालका अध्यक्ष राजेन्द्र अर्यालले हैजाबाट बच्न महासंघले जिल्ला जिल्लामा तालिम दिएको जानकारी गराए। उनले शुद्ध खानेपानीका लागि खानेपानी मन्त्रालयको भूमिका महत्वपूर्ण हुने भन्दै वर्षाको समयमा जुनसुकै स्रोतबाट आएको पानी भए पनि उमालेर पिउनु पर्छ भन्ने सन्देश आमनागरिकमा पुऱ्याउन सक्नुपर्ने बताए।



मधेश प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक सरोज न्यौपानेले हैजा नियन्त्रणमा केन्द्रीयदेखि स्थानीय तहसम्मको टोली पूर्णरूपमा लागेको जानकारी दिए। उनले पुरानो पानी ट्याङ्कीमा हैजाको जीवाणु देखिएपछि त्यसलाई नष्ट गरेर नयाँ पानी हाल्ने काम पनि भइरहेको बताए। उनका अनुसार पर्साबाहेकका जिल्लामा पनि हैजा देखापरेकाले ती जिल्लामा जनचेतना फैलाउने, खानेपानीमा पीयूष प्रयोग गर्ने, क्लोरिन राख्न निर्देशन दिने काम भइरहेको छ।

**स्वास्थ्यकर्मी परिचालनको निर्णय**

यसैबीच स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. विकास देवकोटाको अध्यक्षतामा हैजा महामारी नियन्त्रण गर्नका लागि बैठक बसेको थियो। बैठकमा विश्व स्वास्थ्य सङ्गठन, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, स्वास्थ्य सेवा विभागका पदाधिकारीहरूको सहभागिता थियो। सचिव डा. देवकोटाका अनुसार वीरगन्जमा फैलिएको हैजा नियन्त्रणका लागि महामारी नियन्त्रणसम्बन्धी तालिम लिएका स्वास्थ्यकर्मीहरूलाई परिचालन गरिएको छ।

"हामीसँग महामारी नियन्त्रणसम्बन्धी तालिम लिएका दुई सय जना स्वास्थ्यकर्मी छन्। उनीहरूलाई परिचालन गरेर हैजा नियन्त्रणमा लिने छौँ," सचिव डा. देवकोटाले भने। फिल्ड इपिडिमियोलोजी ट्रेनिङ प्रोग्राम पाएका जनशक्तिको टिम बनाएर परिचालन गरिएको भन्दै उनले पुरानो पानी नष्ट गर्ने र पीयूषको प्रयोग नगरपालिकामार्फत समन्वय गरेर गर्ने निर्णय भएको छ। बैठकले खानेपानीसम्बद्ध निकायसँग मिलेर पाइपको सर्भे गर्ने, पाइपको मर्मतसम्भार गर्ने निर्णय गरेको छ। हैजा फैलिएको स्थानमा औषधी, पीयूष, क्लोरिन र जनशक्तिको अभाव नभएको पनि स्वास्थ्य सचिव देवकोटाले बताए। उनले संघ, प्रदेश, स्थानीय तह र विश्व स्वास्थ्य सङ्गठनसमेतको पाँच जनाको समूह बनाएर महामारी क्षेत्रमा काम गरिरहेको बताए।

**हैजा के हो ?**

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका प्रमुख कन्सल्टेन्ट फिजिसियन डा. विमल शर्मा चालिसेका अनुसार भिब्रियो कोरेला नामक ब्याक्टेरियाको कारण लाग्ने झाडापखालालाई हैजा भनिन्छ। उहाँका अनुसार यस ब्याक्टेरिया हाम्रो शरीरभित्र पस्यो भने झाडा पखाला लाग्ने गर्दछ त्यसलाई कोलेरा अर्थात् हैजा भनिन्छ।

उनी भन्छन् , 'हैजा भएका मानिसको दिसामा उक्त कीटाणुहरु निस्कन्छन् । ती कीटाणु पानी र खानाको माध्यमबाट मानिसको पेटमा जाने गर्छ। मानिसको सानो आन्द्रामा सो ब्याक्टेरियाले सङ्क्रमण गरी झाडापखाला लाग्ने गर्छ।' हैजा भएका दशमध्ये एक जनामा गम्भीर हैजा हुने अध्ययनहरुले देखाएको छ। त्यस्तै, घरमा एक जनालाई भएमा लगभग सबैलाई हुने गर्छ। लक्षणहरु निरन्तर पातलो चामल धुँदा निस्कने चौलानी जस्तो दिसा लाग्नु, बान्ता हुनु हैजाको प्रमुख लक्षण भएको उनी बताउँछन्। कीटाणु शरीरमा प्रवेश गरेको २४ घण्टादेखि हैजाका लक्षणहरू देखिने गर्दछन्।

लक्षण सामान्यतः पाँचदेखि सात दिनसम्म रहने चिकित्सक बताउँछन्। झाडापखाला निरन्तर लाग्ने हुँदा शरीरमा पानीको मात्रा घट्ने हुँदा केही घण्टाभित्रै जलवियोजन तथा इलेक्ट्रोलाइटको कमी हुने चिकित्सक बताउँछन्। जलवियोजनका कारण तौल घट्ने, पेट दुख्ने, आँखा गढ्ने, छाला चिसो हुने, हातगोडा चाउरी पर्ने, छाला नीलो हुने जस्ता लक्षण देखिन्छन्।

शरीरमा पानीको मात्रा कम भई पिसाब बन्द भएर मिर्गौला फेल हुने सम्भावना भई मानिस मृत्युको मुखमा पुग्न सक्ने उनको चेतावनी छ। कतिपय मानिसलाई बिना लक्षण निको हुने गर्छ। त्यस्ता मानिसले अर्को मानिसलाई सार्ने गर्दछन्।

जोखिम समूह हैजा जुनसुकै उमेर समूहका मानिसमा पनि हुने गर्दछ। तर पाँच वर्ष उमेरका जोखिम बढी हुन्छ। दूषित पानी, खाना खाने मानिसहरु पनि बढी जोखिममा हुने गर्दछन्।

वृद्धवृद्धा, दीर्घरोगी र रोग प्रतिरोधात्मक क्षमता कम भएकालाई कडा लक्षण देखिने उनी बताउँछन्।

**कस्तो खानेकुरा खाने ?**

हैजा भएकाहरुको शरीरमा पानीको मात्रा कम हुने हुँदा प्रशस्त मात्रामा झोलिलो खानेकुरा खुवाउन चिकित्सकको सुझाव छ।

बिरामीको चाहनाअनुसार सफा र ताजा खानेकुरा खुवाउन डा. चालिसेको आग्रह छ। उनी भन्छन्, "दाल, दही फलफूलको जुस, केराजस्ता खानेकुरा प्रशस्त मात्रामा खुवाउनुपर्छ। अस्पतालमा लैजान नसकेमा घरमा नै जीवनजल बनाएर खुवाउनुपर्छ। जति पानी बाहिर निस्कन्छ त्यतिकै मात्रामा जीवनजल खुवाउनुपर्छ।"

जीवनजल नपाउने ठाउँमा पाँच गिलास सफा उमालेर चिसो बनाएको पानीमा छ चम्चा चिनी र आधा चम्चा नुन मिसाएर खुवाउनुपर्छ। घरेलु उपचारले पनि निको भएन भने बिरामी बेहोस् होला जस्तो भयो भने, शरीर कमजोर भएमा, पिसाबको मात्रा कम भएमा बिरामीलाई तुरुन्त नजिकैको स्वास्थ्य संस्थामा लैजान चिकित्सकको सुझाव छ। झाडापखाला लागेपछि जथाभावी औषधि किनेर नखाने चिकित्सकको सुझाव छ। हैजाबाट बच्ने उपाय सफा तथा सुरक्षित पानीको अभाव र व्यक्तिगत सरसफाइको कमीले नै फैलिने गरेको पाइन्छ। समुदायमा पानीको स्रोत साझा हुने र स्रोतमा हैजाको जीवाणु मिसिँदा प्रकोपको रूप लिने गरेको विगतका अनुभवहरूले देखाएको छ। चिकित्सकले हैजाबाट बच्न विभिन्न सुझाव दिने गर्दछन्।

**कसरी सुरक्षित हुन सकिन्छ ?**

"सकेसम्म बासी खानेकुरा र फोहोर पानी नखाने, सरसफाइमा ध्यान दिने, दिसा, पिसाब गरेपछि राम्रोसँग मिचिमिची साबुनपानीले हातखुट्टा धुने, जथाभावी नछुने जस्ता जनस्वास्थ्यका मापदण्ड अपनाउने, त्यस अलावा घरमा कसैलाई हैजा भएमा त्यहाँबाट निस्कने फोहोरलाई राम्रोसँग विसर्जन गर्ने, समुदायमा पानीको मुहान सफा भए नभएको बेलाबेलामा जाँच गर्नुपर्छ।"

## राजनीतिक खबरदारीका लागि हस्ताक्षर अभियान

बनियानी(प्रस)। मेचीनगरस्थित महिला जनचेतना केन्द्रले राजनीतिक खबरदारीका लागि हस्ताक्षर संकलन अभियान सुरु गरेको छ। अन्तरपुस्ता महिलावादी मञ्च (आइजी) को तेस्रो वर्ष अनुपम अभियानअन्तर्गत यो हस्ताक्षर कार्यक्रम पहिलो पटक कचनकवल गाउँपालिकामा सञ्चालन गरिएको हो।

गाउँपालिकाको सभाहलमा आयोजित कार्यक्रममा विभिन्न राजनीतिक दलका महिला जनप्रतिनिधिहरू सहभागी थिए। कार्यक्रमका सहभागीले अभियानलाई समर्थन जनाउँदै हस्ताक्षर गरेका थिए।

संस्थाकी प्रोजेक्ट को-अर्डिनेटर मनिला उप्रेतीले यो अभियान "एक हस्ताक्षर मात्र नभई आवाजको हस्ताक्षर" भएको बताइन्। केन्द्रकी अध्यक्ष सीता गुरुङले यसलाई महिलाको भविष्य र सपना साकार पार्ने अभियानको रूपमा व्याख्या गर्दै सबैलाई एकजुट भएर लाग्न आग्रह गरिन्। उनले २०८४ सालमा हुने तीनै तहको निर्वाचनमा महिलालाई अग्रस्थान दिनुपर्नेमा जोड दिइन्।

पाँच वर्षे अनुपम अभियानको उद्देश्य न्यायिक र समतामूलक समाज निर्माणमा टेवा पुर्याउनु रहेको छ। त्यसका लागि पछाडि पारिएका समुदाय र महिलाको आवाजलाई बुलन्द गर्दै उनीहरूलाई राज्यको हरेक तहमा निर्णायक भूमिकामा पुर्याउने लक्ष्य लिएको बताइएको छ।

यस वर्ष अभियानले "राजनीतिक खबरदारी" शीर्षकमा देशव्यापी हस्ताक्षर संकलन थालेको हो। संकलित हस्ताक्षर विभिन्न राजनीतिक दलको कार्यालयमा बुझाउने योजना छ। साथै, पार्टी राजनीति र संरचनाबारे सामूहिक अध्ययन गर्ने र सहभागीलाई राजनीतिबारे स्वअध्ययनमा सक्रिय बनाउने कार्यक्रम पनि अघि बढाइनेछ।

अभियानलाई निरन्तरता दिँदै २०२६ मार्चमा नवलपुरको पद्मालयमा आयोजना हुने राष्ट्रिय भेटसम्म संकलित हस्ताक्षर दलको कार्यालयमा बुझाउने आयोजकहरूले जनाएका छन्। कार्यक्रमको सञ्चालन सामाजिक परिचालक खञ्जन राजवंशीले गरेकी थिइन्।

## तीन करोडभन्दा बढी रकम र सुनसहित एक पक्राउ

झापा(प्रस) । काठमाडौँ महानगरपालिका-२६, गोङ्गबुस्थित टाउन प्लानिङबाट तीन करोडभन्दा बढी रकम र सुनसहित प्रहरीले एक जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा गारखा जिल्ला घर भई हाल काठमाडौँ महानगरपालिका-२६, गोङ्गबु बस्ने ७६ वर्षीय विनोद श्रेष्ठ रहेको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एवं प्रहरी उपरीक्षक अपिलराज बोहराले जानकारी दिए।

उनले भने , "करिब तीन करोडभन्दा बढी रकम र ठुलो परिमाणमा सुनका गहना पनि भेटिएका छन्। रकमको संख्या यकिन गर्न मेसिन मगाएर गन्ने कार्य सुरु भएको छ।"

उपत्यका प्रहरी कार्यालय रानीपोखरी र जिल्ला प्रहरी परिसर काठमाडौँको टोलीले अवैध रकम लुकाइएको सूचनाका आधारमा छापा मारेको थियो।

प्रहरीले मंगलबार बरामद गरेको झन्डै ४ करोड अवैध रकमसहित सुन गोरखाका विनोदकुमार श्रेष्ठको भएको खुलेको छ।

गोरखा नगरपालिका घर भएका श्रेष्ठ लामो समयदेखि गोंगबुमा बस्दै आएका थिए। प्रहरी परिसर काठमाडौंका प्रवक्ता अपिलराज बोहराका अनुसार सुन धितो राख्ने र मिटरब्याजमा पैसा लगाउने काम श्रेष्ठले गर्दै आएको प्रारम्भिक अनुसन्धानमा खुलेको छ। 'सुन पसलदेखि व्यक्तिहरुलाई पनि सुन धितो राखेर पैसाको कारोबार गर्ने गरेको देखियो,' उनले भने, 'हामी थप अनुसन्धानमा छौं।'

## लेखक संघको सदस्यमा भण्डारीसहित चार जना मनोनित

झापा(प्रस) । नेपाली लेखक संघ झापाले आमन्त्रित सदस्यका रुपमा पूर्वाञ्चल दैनिकका सहसम्पादक सुरेन्द्र भण्डारीसहित चार जनालाई मनोनयन गरेको छ।

नेपाली लेखक संघका अध्यक्ष



दयानन्द गोश्वामीको अध्यक्षतामा बसेको बैठकले पत्रकार भण्डारीसहित चार जनालाई सदस्यमा मनोनयन गरेको हो। भण्डारीसहित पत्रकार राजेन्द्र गौतम, जीआर धिताल र नारायणवहादुर वस्नेतलाई आमन्त्रित सदस्यको रुपमा मनोनयन गरिएको नेपाली लेखक संघ झापाका सचिव समिरवावु कट्टेलले जानकारी दिए।

त्यस्तै वैठकले कार्यसमिति सदस्यमा कनकाई नगरपालिका ९ घैलाडुब्बा निवासी श्यामप्रसाद राजवंशीलाई मनोनित गरेको छ।

नेपाली लेखक संघ झापाले यही भदौ २१ गते शनिवार गौरादह नगरपालिकाको सभाहलमा माध्यमिक विद्यालय स्तरीय कविता बाचन गर्ने प्रतियोगिता गर्ने निर्णय गरेको छ। गौरादह नगरपालिकाको सहयोगमा कार्यक्रम आयोजना गरिएको र कार्यक्रम संयोजकका रुपमा पत्रकार वेनुप्रसाद अधिकारीलाई तोकिएको छ। जसको सदस्यमा नेपाली लेखक संघ झापाका सचिव कट्टेलसहित नैना दाहाललाई सदस्यको जिम्मेवारी प्रदान गरिएको छ।

गौरादहमा आयोजित कार्यक्रमका लागि साहित्यकार केशव आचार्यको संयोजकत्वमा तीन सदस्यीय निर्णायक मण्डल गठन गरिएको छ। जसको सदस्यमा नमूना निरौला र महेन्द्र कोइराला रहेका छन्।

## ११३ जनामा जापानिज इन्सेफलाइटिस, २३ जनाको मृत्यु

झापा(प्रस) । जापानिज इन्सेफलाइटिस (जेई) को सङ्क्रमणबाट पुस यता २३ जनाको मृत्यु भएको छ।

स्वास्थ्य सेवा विभागको परिवारकल्याण महाशाखाको तथ्याङ्क अनुसार पुस यता ११३ जनामा जेई सङ्क्रमण हुँदा २३ जनाको मृत्यु भएको हो।

हालसम्म ३६ जिल्लामा यो रोगको सङ्क्रमण फैलिएको छ। लुम्बिनी प्रदेशमा सबै भन्दा बढी पुष्टि भएको छ। लुम्बिनी ३७, बागमती १८, कोशीमा १७, गण्डकीमा १६, सुदुरपश्चिममा ९ र कर्णली प्रदेशमा दुई जनामा जेईको सङ्क्रमण पुष्टि भएको छ।

त्यस्तै, मृत्यु हुनेमा कोशीमा तीन, मधेशमा तीन, बागमतीमा चार, गण्डकी प्रदेशमा चार, लुम्बिनी प्रदेशमा आठ र सुदूरपशिचममा एक गरेर २३ जना जेई सङ्क्रमितको मृत्यु भएको छ।

जापानिज इन्सेफलाइटिसको सङ्क्रमण साउनदेखि कात्तिकसम्म बढी हुन्छ। यो रोगको मृत्युदर उच्च छ। सङ्क्रमितमध्ये १५ देखि ३० जनाको



मृत्यु हुन्छ।

विश्व स्वास्थ्य सङ्गठनकी नेसनल सर्भिलेन्स अधिकृत डा. सोनिया भगतका अनुसार जापानिज इन्सेफलाइटिस भाइरस वा ब्याक्टेरीयाले लाग्ने मस्तिष्क सङ्क्रमण (मस्तिष्क ज्वरो) हो।

यो रोगले स्नायुमा असर पुऱ्याइ जीवनभर अङ्गभङ्ग बनाउनुका साथै बिरामीको मृत्यु हुने गर्छ। उनका अनुसार यदि यो रोग गम्भीर अवस्थामा पुग्यो भने मस्तिष्क सुन्निने, पक्षघात हुने, बेहोस हुने र कोमामा जाने जस्ता लक्षण देखिने गर्छन्।

यो रोग क्युलेक्स प्रजातिको लामखुट्टेको टोकाइबाट सर्ने गर्छ। यो प्रजातिको लामखुट्टे साँझपख तथा झिसमिसे बिहानीको समयमा बढी सक्रिय हुने गर्छन्।

लाखखुट्टेले सङ्क्रमित सुँगुर, बङ्गुर वा चरालाई टोकेर मानिसलाई टोक्दा यो रोग सर्ने डा. भगत बताउँछिन्।

यो रोग लाग्नबाट बच्न झुल प्रयोग गरेर सुत्ने, घर बाहिर जाँदा लामो बाहुला भएको लुगा लगाउने, लामखुट्टे धपाउने मलम लगाउने, घरभित्र लामखुट्टे धपाउने धूप वा स्प्रे प्रयोग गर्ने, घर तथा घर वरिपरि पानी जम्न नदिने, घर नजिकको झाडी तथा फोहोर हटाउने। पानी भण्डारण गर्ने भाँडा छोपेर राख्ने गर्नुपर्छ।

चिकित्सकका अनुसार यो रोगको निश्चित उपचार नभए खोप लगाएर रोग लाग्नबाट बच्न सकिन्छ। यो नियन्त्रण गर्न सरकारले जापनिज इन्सेफलाइटिस विरुद्धको खोप राष्ट्रिय खोप कार्यक्रममा समावेश


## सुपर काइनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।

**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६९३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

**मेष** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ। स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष** भगवानको आशीर्वादले भने काम बन्नसक्छ। लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ। आकस्मिक धन लाभ हुनेछ।

**कर्कट** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ। तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन्।

**कन्या** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ। नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ।

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला। कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन्।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला। मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ। जोशजाँगर र हिम्मत पनि

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ। वैदेशिक कार्य पनि अघि बढ्नेछ।

**मीन** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ